# जिल्ला अस्पताल अछामको

## आ.व. ०८०/८१को

## सामाजिक परिक्षण प्रतिवेदन

*वैशाख २०८२*

जिल्ला अस्पताल अछाम

# विषय सूची


| | | |
|---|---|---|
| **१.** | **जिल्ला अस्पताल अछामको परिचय** | **पेज नं** |
| १.१. | पृष्ठभूमी | |
| १.२. | सामाजिक परिक्षण | |
| १.३. | सामाजिक परीक्षण उद्धेश्य | |
| १.४. | सामाजिक परिक्षणका आधारहरु : | |
| १.५. | सामाजिक परिक्षणको विधितथाप्रक्रिया : | |
| **२.** | **जिल्ला अस्पताल अछामको  नीति, प्राथमिकता, उद्धेश्यतथालक्ष्य :** | |
| **३.** | **अस्पतालका हाल सम्मका सम्पादितक्रियाकलापतथाप्राप्तउपलब्धीहरु :** | |
| ३.१. | जिल्ला अस्पताल अछामको स्वास्थ्यउपचार सेवाहरुको विवरण : | |
| ३.२. | अन्य क्षेत्रका सेवाहरुको विवरण : | |
| ३.३. | महिला स्वास्थ्य स्वयसेविकाले समुदाय तहमा गरेका कामहरुको बारेमा छलफल | |
| ३.४. | हाल अस्पताल बाट गरिएका राम्रा कामहरुको बारेमा बहस र छलफल | |
| **४.** | **बजेट तथाखर्च विवरण :** | |
| ४.१. | मानव संशाधनव्यवस्थापन : | |
| ४.२. | औषधी, औषधीजन्य स्वास्थ्य सामाग्रीएवं उपकरण खरीद | |
| ४.३. | कार्यालय सञ्चालनखर्च : | |
| ४.४. | अस्पताल बाट पछिल्लो समयमा दिएका राम्रा सेवाहरुको विवरण | |
| ४.५. | एकिकृत विधुतीय स्वास्थ्य प्रणालीको व्यस्थापनतथाविस्तार : | |
| **५.** | **जिल्ला अस्पतालको सामाजिकउत्तरदायित्व:** | |
| **६.** | **अस्पतालले सामानागर्नु परेका समस्यातथाचुनौतीहरु :** | |
| **७.** | **सुधारको लागिचाल्नु पर्नेकदमतथा सुझावहरु :** | |
| **८.** | **सामाजिक परिक्षणको क्रममा उठेका सवालतथाप्राप्त सझावहरु :** | |
| **९.** | **निष्कर्ष :** | |
| | **अनुसूची : सामाजिक परिक्षणका सहभागिहरुको हाजिरी विवरण** | |
| | **अनुसूची : कार्यक्रम भ्रमण तथा परिक्षण कार्यक्रमका फोटाहरु** | |

# जिल्ला अस्पताल अछामको
# सामाजिक परिक्षण प्रतिविदन
# २०बैशाख २०८२

---

## १. जिल्ला अस्पताल अछामको परिचय :

सुदुरपश्चिम प्रदेश अछाम जिल्लाको सदरमुकाम तथा मंगलसेन नगरपालिका वडा न ५ मा अवस्थित जिल्ला अस्पताल अछाम जिल्ला स्वास्थ्य कार्यालय अर्न्तगतको सरकारी स्वास्थ्य सेवा प्रदायक संस्था हो, यसले ४५ रोपनी जग्गा ओगटेको छ । स्वास्थ्य मन्त्रालय द्वारा १५ शैया अस्पताल स्विकृत भएतापनी हाल अस्पतालले ५० शैया संचालनगरि सेवा प्रवाह गरिरहेको छ । अस्पतालले स्थानिय समुदायको सेवाग्राहीहरुलाई निशुल्क तथा न्युन शुल्कमा सर्वसुलभ एंव गुास्तरिय उपचारात्मक, प्रतिकात्मक र प्रवर्द्धनात्मक सेवा प्रदान गर्दै आईरहेको छ । अस्पताल बाट प्रदान गरिने उपचारात्मक सेवा तर्फ ओ.पि.डि सेवा, २४ सै घण्टे ईमरजेन्सी सेवा, निशुल्क अन्तरंग सेवा इ.सि.जि तथा भिडियो एक्स रे , शल्यक्रिया सेवा जस्ता सेवाहरु पर्दछन भने प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वस्थ्य सेवा तर्फ गर्भवति जाच, परिवार नियोजन सेवा, खोपसेवा, र स्वास्थ्य शिक्षा सेवा पर्दछन । यसका साथै जिल्ला अस्पताल अछाममा लैंगिक हिंसा बाट पिडितहरुको लागि एकद्धार संकट व्यवस्थानि केन्द्र पनि रहेको छ  जहा लैगिंक हिंसा बाट पिडितहरुलाई निशुल्क स्वास्थ्य जाच तथा परामर्श दिईन्छ । जिल्ला अस्पताल अछाममा विशेषज्ञ डाक्टरको उपलब्धता तथा गुणस्तरिय सेवा प्रवाहका कारण जिल्लाको प्रमुख तथा जिम्मेवारी स्वास्थ्य संस्थाको रुपमा यस अस्पतालले जिल्ला भरका सम्पुर्ण स्वास्थ्य संस्थाको प्रेषण केन्द्रको रुपमा समेत कार्य गर्दछ ।

**१.२. सामाजिक परिक्षण** :अस्पतालको समग्र व्यवस्तापकिय पक्ष तथा संचालित कार्यक्रम, बजेट, एवं प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरि अधिकतम प्रतिफल प्राप्त गर्न अस्पतालका संचालित तथा प्रस्तावित गतिविधिलाई सहभागितामुलक पारदर्शी एवं जवाफदेही बनाई अस्पतालको स्वास्थ्य सेवा प्राणलिलाई सुदृढिकरण गर्न जिल्ला अस्पताल अछामले नेपाल सरकार बाट पारित सुशासान ऐन २०६३ नियमावली २०६४ सुचना हंक सम्बन्धि ऐन २०६३ स्वास्थ्य सेवा ऐन २०५३ नियमावली २०५४ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४, स्वास्थ्य सेवाका लागि सामाजिक परिक्षण कार्य निर्देशिका २०७० (प्रथम संसोधन २०७३ ) परिधि भित्र रही प्रत्यक बर्ष जिल्लाका सरोकारवालाको सहभागितामा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम  गर्दै आईरहेको छ ।

**१.३. सामाजिक परीक्षण उद्देश्य** :जिल्ला अस्पताल अछामले सामाजिक परिक्षण गर्नुको मुख्य उद्देश्य आफ्नो सेवा क्षेत्र भित्र आम नागरिकहरु विशेष गरी महिला दलित, जोखिममा रहेका पिछडिएका, वञ्चितिकरणमा परेक तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने आममानिसहरु प्रति उत्तरदायी भई उनीहरुको चासो प्रति आफुलाई संवेदनशिल बनाउनु रहेको छ । सामाजिक परिक्षणका निश्चित उद्देश्यहरु तपशिल अनुसार रहेका छन ।

- जिल्ला अस्पतालबाट प्रदान गरिने स्वास्थ्य उपचार सेवाहरुको बारेमा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।
- यस अस्पतालको सेवाक्षेत्र भित्रका आम नागरिकहरुको प्रत्यक्ष सहभागिताका आधारमा यस अस्पतालको सेवा प्रति उनीहरुको अधिकार, जिम्मेवारी र अपनत्वको भावनको विकास गर्ने  ।
- यस अस्पतालको सेवाक्षेत्र भित्रका आम नागरिकहरुलाई बिशेष गरी महिला, बालबालिका, गरिब, जोखीममा रहेका पिछडीएका, बञ्चित एवं दुर्गम ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदाय प्रति जवाफदेही बनाई यस अस्पतालबाट प्रवाह गरिने स्वास्थ्य उपचार सेवाहरुको अपेक्षित उपलब्धी हासिल गर्ने कार्यमा योगदान पुर्याउने ।

- आम सरोकारवालाहरु र जिल्ला अस्पताल अछाम बिच खुला रुपमा सहि सूचना आदान प्रदान, छलफल र नियमित संम्वाद गर्ने परिपाटिको विकास गर्ने ।

१.४. जिल्ला अस्पताल अछामको सामाजिक परिक्षणको आधार :/
जिल्ला अस्पतालले हाल सम्म गरेका सामाजिक परिक्षणका आधारहरु तपशिल अनुसारका रहेका छन ।
प्रस्तावित तथा सम्पादित कार्यक्रमको प्रतिवेदन लेखा परिक्षण प्रतिवेदन, आवश्यक बिल भरपाईको चेकजाच, अस्पतालका विभिन्न विभागिय प्रमुखहरु संग भेटघाट तथा छलफल, कार्य क्षेत्रको स्थलगत अवलोकन, लक्षित समुह छलफल, विभिन्न पत्रपत्रिका, अस्पतालको वयव सईड, लाभान्वित सेवाग्राहीहरु संग छुट्टा छुट्टै कुराकानी बाट प्राप्त राय सुझाव तथा नतिजाहरु रहेका छन ।

**१.५. सामाजिक परिक्षणको विधितथाप्रक्रिया** :अस्पताल क्षेत्रमा स्थलगत अवलोकन ।
सेवाग्राहीहरुसंग छलफल, सम्बन्धित शाखाका कर्मचारीहरु संग छलफल तथा अर्न्तक्रिया ।
स्वास्थ्य संस्थामा सेवा लिन पुगेको सेग्राही संग कुराकानी
जिल्ला अस्पतालको आर्थिक भौतिक प्रगति प्रतिवेदनको अध्यान
यस सस्थाका संस्था प्रमुख लगायत अन्य विभिागिय प्रमुखहरु संग अर्न्तक्रिया
सेवाग्राही तथा कर्मचारीहरुको अनुमतिमा भिडियो तथा अडियो रेकर्ड
सम्बन्धित संस्था संग समन्वय गरि सामाजिक परिक्षणका सहभागिहरुको सहभागिता सुनिश्चितता

## ३. आ.व. ८०/०८१मा सम्पादितक्रियाकलापतथाप्राप्तउपलब्धीहरु :

दुई आर्थिक वर्षमा अस्पतालमा भएका मुख्य शल्यक्रिया ।
१. हाल ओपिडी सेवालाई थप व्यवस्थित गरिएको छ ।

२. औषधी भण्डार शाखा व्यवस्थित गरिएको ।
३. विशेषज्ञ सेवा विस्तार ( MDGP, PEDIATRICS, MEDICINE, ORTHOPEDICS )
३, ल्याव सेवा विस्तार गरिएको ।
४. बच्चा र जेष्ठ नागरिक तथा अपांग मैत्री सेवा विस्तार गयिरएको ।
५. फोहर व्यवस्थापनका लागि सकारात्मक कार्यहरु अघि बढाएको ।
६. जिर्ण भवनलाई व्यवस्थित पारि सेवा विस्तार गरिएको ।

मेजर शल्यक्रियाहरु
१. सिजेरियन सेक्सन द्धारा सुरक्षित प्रसुती सेवा ७८ जना
२, ल्याप्रोटोमी अप्रेशन जोखीमपूर्ण गर्भ फुटेको अवस्थाको अप्रेशन : ५ वटा
३. एपेन्डिसाईटीस अप्रेशन : २३ वटा
४, हर्नियाको अप्रेशन : ७ वटा
५. सर्कमसिजन : ४ वटा
६. हेमोराईडस (पाइल्स ) : ६ वटा
७. हाइड्रोसिल : २ वटा

८. पुरुष बन्ध्याकरण (भ्यासेक्टोमी) : ३ वटा
९ अन्य साना अप्रेशन : ५०

**४. बजेटतथाखर्च विवरण :**

जिल्ला अस्पताल अछामको आर्थिक बर्ष २०८०/०८१ को आम्दानी तथा खर्चको बिवरणलाई हेर्दा आम्दानी र खर्च उल्लेख गर्ने ।

जिल्ला अस्पवताल अछाममा आर्थिक वर्ष २०८०/८१ मा कुल प्राप्त रकम

| स्रोत | बजेट | | खर्च (प्रतिशत) | |
|---|---|---|---|---|
| | चालु | पुजिगत | चालु | पुजिगत |
| संघ सशर्त | १५४५२०००। | ७००००००। | ९९.७२ | ९९.५५ |
| प्रदेश सरकार | ५२१८६८१३ | ९००००००। | ८९.९५ | २५.९० |
| अस्पताल व्यवस्थापन तर्फ | १८३७५९२८ | | ८६.९१ | |

**५. जिल्ला अस्पताल अछामको सामाजिकउत्तरदायित्व:**अछाम जिल्लाको सदरमुकाम मंगलसैनमा रहेको जिल्ला अस्पताल अछामले विरामीहरुलाई पहिलो प्राथामिकतामा राखी आफु बाट प्रवाह गरिने सेवाहरुलाई विभिदरहित रुपमा उपलब्ध गराई विरामीहरुको उपचारमा समर्पित हुनु आफ्नो सामाजिक उतरदायीत्व रहेको कुरालाई उद्दृत गर्दछ । यही कुरालाई मध्यनजर गर्दै पछिल्लो समयमा अस्पताल बाट प्रदान गरिने सेवामा गुणस्तर पनी बढ्दै गएको छ ।

## जिल्ला अस्पताल अछामको सामाजिक परिक्षण कार्यक्रम

**.सामाजिक परिक्षणको क्रममा उठेका सवालतथाप्राप्त सुझावहरु:**

मिति २०८२ साल बैशाख महिनाको १९ गते सम्पन्न भएको जिल्ला अस्पताल अछामको आर्थिक बर्ष २०८०/०८१ सहित हाल सम्मको सामाजिक परिक्षण कार्यक्रममा सहभागि जिल्लाका सरोकारवालाहरुले जिल्ला अस्पताल अछामले प्रदान गर्ने सेवाको सवाल उठाउदै अस्पतालले पछिल्लो समयमा प्रदान गर्ने सेवाको बारेमा खुलेर प्रशंसा गरेका थिए । अछाम जिल्ला जस्तो विकट क्षेत्रमा अस्पतालले सिमित स्रोत साधनका बाबजुद पनि गुणस्तरिय स्वास्थ्य सेवा दिईरहेको हुदा यसको दिगोपनाका लागि ध्यान दिन सुझाव दिएका छन ।आफुहरुबाहिर गएर उपचार गर्न नसक्ने र जिल्ला अस्पताल अछामले जटील खालका अप्रेशनहरु पनि यही गर्न थालेपछी सर्वसाधारण नागरिकको ठुलो धनराशी जोगिएको भन्दै अस्पतालको प्रशंसा भएको थियो । सरकारी अस्पताल भएपनी केही सेवा लिए बापत शुल्क निर्धारण गरिएको र त्यो शुल्क तिर्न पनी कतिपय नागरिकहरुलाई समस्या भईरहेकाले यस तर्फ सरोकारवालाले ध्यान दिन आवश्यक रहेको कार्यक्रममा सहभागि सरोकारवालाले बताएका छटन । जिल्ला अस्पताल अछामले सिमित स्रोत साधनका बाबजुद पनि गुणस्तरिय सेवा दिने प्रयासा गरेकाले सेवाग्राही तथा सरोकार वालाले औल्याउनु भएका कमजोरीहरु सुधार गरेर लैजानुपर्नेमा जोड दिएका थिए । अस्पताल अहिले पनी आर्थिक अभावको कारणले धेरै सेवाहरु दिन नसकेको हुदा यहाका नागरिकलाई सबै किसीमका सेवाहरु उपब्ध गराउने वातावरण सृजना गर्न जरुरी रहेको अधिकांश सरोकारवालाको जोड थियो । जिल्लामा रहेको एक मात्र सरकारी अस्पताल अहिले पनि अभावै अभावमा सेवा दिई रहेकाले यहाको व्यवस्थापनका लागि जिल्ला बाट प्रतिनिधित्व गर्ने संघ र प्रदेशका सांसदहरुले बजेटको लागि सरकारको ध्यानकर्षण गराउनुपर्ने र स्थानीय सरकारका प्रमुखहरुले पनी अस्पताले

भोगी रहेका समस्या समाधानका लागि आवश्यक बजेटको व्यवस्थापन गर्न जरुरि रहेको बताएका छन । अस्पतालमा नर्सिङ स्टापको अभावमा गुणस्तरिय स्वास्थ्य सेवा दिन चुनौती थपिएको भन्दै तत्काल कर्मचारी पदपुर्ति गर्नुपर्ने विषयमा कर्मचारीहरुले सरोकारवालालाई जानकारी गराएका छन । अस्पताले आफु भएको स्रोत साधनको भरपुर उपयोग गरेको पाईएको र अस्पतालको भौतिक संरचनजा गतिलो नहुदा यसले पनि गुणस्तरिय स्वास्थ्य सेवा दिन ठुलो चुनौती थपि दिएको हुदा अस्पतालको भवन निर्माणका लागि पहल गर्नुपर्ने प्रमुख सवालको रुपमा उठेको थियो ।

**६. सामाजिक परिक्षण गर्दा सामानागर्नु परेका समस्या तथा चुनौतीहरु :** जिल्ला अस्पताललेसंचालन गरेका कतिपय राम्रा कामहरुको बारेमा आम नागरिकलाई जानकारी नभएको ।

भौगोलिक विकटताले सामाजिक परिक्षण कार्यक्रममा सेवाग्राही तथा सरोकारवालाको उपस्थिति अपेक्षा गरे अनुसार नभएको ।

२, सामाजिक परिरक्षण गर्दा आवश्यक स्रोत साधनको अभाव ।

३, भौगोलिक विटकता

**७. सुधारको लागिचाल्नु पर्ने कदम तथा सुझावहरु :**

१, प्रत्यक बर्ष गरिने सामजिक परिक्षण समयमै गर्नका लागि परिक्षकलाई आवश्यक जिम्मेवारी दिनुपर्ने ।

२, सामाजिक परिक्षण कार्यक्रममा अस्पताल संग सरोकार राख्ने ब्यक्तिहरु संगै सेवाग्राहीको संख्या पनि बढाउनुपर्ने ।

३, सामाजिक परिक्षण गर्दा गरिने खर्चको दायरा बढाउनुपर्ने ।

४, जनप्रतिनिधि संगै राजनितिक दल, सेवाग्राही हरुको पनि सामाजिक परिक्षण कार्यक्रममा अर्थपुर्ण सहभागिथता गराउनुपर्ने

५, समुदाय स्तरमा गएर सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गर्नुपर्ने र त्यसका लागि जनशक्तिको व्यवस्थापन गर्नुपर्ने ।

६, अस्पतालमा देखिएको आर्थिक अभाव स्थानीय सरकार, प्रदेश र संघ सरकार संग समन्वय गरेर समस्या सामाधान गर्नुपर्ने ।

**सुझावहरु :**

१ कार्यक्रममा सहभागि केही जनप्रतिनिधि तथा सेवाग्राही हरुले जिल्ला अस्पतालले आगामी दिनमा थप पारदर्शि हुनुपर्ने ।

२, कर्मचारी भर्ना गर्दा पारदर्शिता अपनाउनुपर्ने ।

३, सरोकारवालाले दिएका सुझावहरुलाई कार्यन्वयन गर्दै जानुपर्ने ।

४, पछिल्लो समयमा अस्पतालमा देखा परेका समस्यालाई समाधान गर्नका लागि सरोकारवाला संग समन्वय गर्नुपर्ने

५, कर्मचारीले सेवाग्राहीलाई गर्ने व्यवहारमा सुधार ल्याउनुपर्ने ।

६, जिल्ला अस्पतालमा पाउनुपर्ने औषधी निजि मेडिकलबाट किन्नुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने ।

७, स्वास्थ्य वीमा अर्न्तगत पाइने औषधी उपलब्ध हुनुपर्ने ।

८, सरसफाईमा विशेष जोड दिनुपर्ने ।

८, कर्मचारीहरु विचको समन्वय र सहकार्य राम्रो हुनुपर्ने

९, अस्पताल व्यवस्थापन समितिको चाडो टुंगो लगाउनुपर्ने ।

१०, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइनियम अनुसार हरेक वर्ष निमियत गर्नुपर्ने ।

११,प्रयोग शालाको बिल काट्ने व्यवस्था २४ सै घण्टा हुनुपर्ने ।

१२, अस्पतालको प्रगतिका बारेमा पत्रकार सम्मेलन वा अन्य वा कुनै कार्यक्रम गरि प्रगति विवरण सार्वजनिक गर्नुपर्ने

१३. विभिन्न स्वास्थ्य परिक्षण प्रयोगशाला अर्न्तगत लगिने शुल्क घटाउनुपर्ने ।

**९. निष्कर्ष:**

जिल्ला अस्पताल संचालनका लागि आर्थिक अभावले गर्दा गुणस्तरियता र दिगोपना कायम गर्न चुनौती देखिएको हामीले पायौं । केही बिशेषज्ञ डाक्टरको र नर्सिङ कर्मचारी अभावले केही सेवा अवरुद्ध भएको छ । त्यसका लागि सम्बन्धीत पक्षले सहयोग गर्न जरुरी रहेको छ । विभिन्न समस्याका बाबजुद अस्पतालले दिएको सेवामा कुनै कमी नभएको पाईयो । प्रत्यक्ष रुपमा लिन आएका सेवाग्राही र फिल्डमा गएर सेवाग्राही संग कुरा गर्दा पनि अधिकांशकोसकारात्मक प्रतिक्रिया हामीले पाएका छौ । जिल्ला अस्पताल अछामले अहिले दिईरहेको सेवा प्रभावकारी भएपनि व्यावस्थापन पक्ष केही कम्जोर रहेको पाईयो । यो संगै आवश्यक उपकरणहरु नहुदा विशेषज्ञ डाक्टरले दिने सेवामा दिन नसकेको  गुणस्तरिय सेवा सहित अस्पतालको दिगोपनाका लागि आर्थिक अभाव भएकाले ,स्थानिय प्रदेश र केन्द्र सरकारले हरेक बर्ष नियमित बजेटको सुनिश्चतता गर्नुपर्ने हाम्रो निष्कर्ष छ ।

**सामाजिक परिक्षिकको विवरण**
**नाम : टेक बहादुर थापा**
**संस्थाको नाम : रेडियो गाउँघर १०६.४ मेगाहर्ज**

२०२८ साल अघि स्वास्थ्य केन्द्रको रुपमा स्थापित जिल्ला अस्पताल अछामले २०२८ सालमा सालमा अस्पतालको रुपमा सेवा दिन सुरु गरेको थियो । विभिन्न आरोह अवरोह पार गर्दै यो अवस्थामा आई पुगेको जिल्ला अस्पताल अहिले पनि विभिन्न किसिमका समस्या र अभाव भ्mेली रहेको छ । यस क्षेत्रका नागरिकहरुलाई गुणस्तरिय सेवा दिने उदेश्यका साथ स्थापना भएको अस्पताल पछिल्लो सममया थप संकटमा छ । प्रदेश सरकार बाट पर्याप्त बजेट नआउने र स्थानीय सरकारले अपनत्व नलिदा अस्पतालले जती गुणस्तरिय सेवा दिनुपर्ने हो त्यो हुन नसकेको हामीले पाएका छौ । दुर्गम क्षेत्रका जनतालाई सहज स्वास्थ्य उपचार सेवा दिने उद्देश्यका साथ स्थापना भएको अस्पताल अछाम सहित सुदुर तथा कर्णाली प्रदेशका

जनतालाई पनि सेवा दिईरहेको छ । अस्पतालले स्थापना देखि हाल सम्म लाखौ नागरिकलाई सेवा दिई सकेको छ ।  सामाजिक परिक्षणको समयमा हामीले अस्पतालमा सेवा लिन पुगेका सेवाग्राही संग भेटेर कुरा गर्दा जिल्ला अस्पताल अछामले पछिल्लो ममया बढाएको सेवाको विषयमा उनीहरुले खुलेर प्रशंसा गरेका थिए । मंगलसेन नगरपालिका वडा न १ कुन्तीबण्डालीका लिला ढोली आफ्नो श्रीमतीलाई एपेन्डीसाईटीस भएको बेला सेवा पाउदा निकै खुसी हुनुहुन्छ । हामी संगको कुराकानीमा नेपालीले भन्नुभयो यही अप्रेशन गर्नका लागि बाहिर जाने हो भने मेरो लाखौ रकम खर्च हुने थियो तर आफ्नै गाउँनजिकको अस्पतालमा सेवा पाउदा आफ्नो ठुलो धनराशी जोगीनुका साथै दुख पनी कम भएको नेपालीको भनाई थियो । नेपाली मात्रै होईन जिल्लाका धेरै ठाउमा नागरिकहरुको भनाई एउटै छ पछिल्लो समयमा अस्पतालले सेवा विस्तार गर्दा हामीलाई धेरै कुरामा सहज भएको छ ।

**कार्यक्रममा सहभागि सरोकारवालको भनाई तथा प्रतिबद्धता ।**

**मंगलसेन नगरपालिका उप प्रमुख संगीता रावल** :सामाजिक परिक्षण कार्यक्रममा प्रमुख वक्ताको रुपमा रहनु भएका मंगलसेन नगरपालिका उप प्रमुख संगीता रावल सोडारीले अस्पतालले यस क्षेत्रका नागरिकको स्वास्थ्यका लागि निकै ठुलो काम गरेकाले अस्पतालको विकासका लागि कुनैपनी कुराको कमी हुन नदिने प्रतिबद्धता जनाउनु भएको छ । अहिले आर्थिक अभावले केही समस्या झेली रहेको यो अस्पतालको समस्यालाई समाधान गर्नका लागि आफ्नो क्षेत्रबाट गर्ने सहयोगमा कुनैपनी कुराको कमी हुन नदिने र यो अस्पला बाट हाल प्रदान गरिरहेका सेवाहरु गुणस्तर बनाउनका लागि सरकारले जिम्मेवारी लिनुपर्नेमा जोड दिनुभएको थियो । दक्ष जनशक्ति सहीत आवश्यक उपकरणको लागी पहल गर्ने बताउनु भएको छ । अस्पतालले पनी स्रोत जुटाउन स्थानीय सरकार संग प्रभावकारी ढंगले समन्वय र सहकार्य गर्नुपर्ने उहाको सुझाव थियो । अस्पतालले हरेक वर्ष यस्तै सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरि संस्थाको अवस्थाको बारेमा जानकारी गराउनु पर्ने र सहयोग गर्ने निकायलाई पटक पटक घच घच्याउनुपर्ने उप प्रमुख रावलको भनाई छ । मंगलसेन नगरपालिका हरेक वर्ष अस्पताललाई ५ लाख सहयोग गर्दै आएको हुदा गुणस्तरिय स्वास्थ्य सेवाका लागि अन्य स्थानीय सरकारले पनी सहयोग गर्नुपर्नेमा जोड दिनुभएको छ ।

**कमलबजार नगरपालिका उप प्रमुखः** कमलबजार नगरपालिका उप प्रमुख सारदा बिष्ट कुवँरले पछिल्लो समयमा जिल्ला अस्पतालले संचालन गरेका सेवा बाट आफु निकै प्रभावित भएको भन्दै यो सेवालाई निरन्तरता दिनका लागि आफ्नो क्षेत्रबाट कुनैपनी कुराको कमी हुन नदिने प्रतिबद्धता जनाउनु भएको छ । जिल्ला अस्पताल अछाममा जनशक्तिको व्यवस्थापन भएको तर केही आवश्यक उपकरणहरुको अभाव देखिएकाले त्यसको अभाव हुन नदिनका लागि आफ्नो पालिका बाट ५ लाख बजेट विनियोजन गर्न सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । हाम्रो क्षेत्रमा गुणस्तरिय स्वास्थ्य सेवा नहुदा जिल्लाका नागरिकहरुको ठुलो धनराशी बाहिर गई रहेकाले अब जिल्लाका नागरिकको त्यो धनराशी जोगाउन सबै क्षेत्र बाट सकारात्मक भूमिका रहनुपर्ने र जिल्लाका सबै सरोकारवालाहरुले जिल्ला अस्पताल अछामको विकासका लागि एउटै किसिमको आवाज बोल्नुपर्ने बताउनुभयो । अहिले बयालपाटा अस्पताल बाट समेत जिल्ला अस्पताल अछाममा विरामी रेफर हुन थालेपछी विरामीको संख्या बढ्न थालेको भन्दै उहाले अब जिल्ला अस्पताललाई आवश्यक स्रोत उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

**अछामका प्रमुखजिल्ला अधिकारी आनन्द सारु :** सामाजिक परिक्षण कार्यक्रममा विशेष अतिथिको रुपमा आफ्नो मन्तव्य राख्दै अछामका प्रमुखजिल्ला अधिकारी आनन्द सारुले जिल्ला अस्पताल अछामले सञ्चालन गरेको सामाजिक परिक्षण कार्यक्रम निकै राम्रो भएको भन्दै यसलाई आगामी दिनमा निरन्तरता दिन सुझाव दिनुभएको छ । जिल्लाको मुटुको रूपमा रहेको अछाम अस्पताललाई नमुना अस्पतालको रूपमा विकास गर्न जिल्ला सम्पूर्ण सरोकारवाला एकजुट भएर लाग्नुपर्ने उहाको भनाई छ । स्वास्थ्य क्षेत्र भनेको निकै संवेदनशिल र महत्वपूर्ण क्षेत्र भएको हुदा यहाँ भएको स्रोत साधनलाई ठिक ठिक ढंगले उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ । अस्पतालले कार्यक्रम सम्पन्न भईसकेपछी प्रतिवेदन तयार पार्नुपर्ने तथा अध्यानका लागि त्यसको एक प्रति आफुलाई उपलब्ध गराउन समेत आग्रह गर्नुभएको थियो । आज जिल्लामा गतिलो अस्पताल नहुदा नागरिकहरुले दुख्ख पाउनु यो राम्रो पक्ष नभएकाले यसका लागि सम्बद्ध सरोकारवाला गम्भिर हुन आवश्यक रहेको बताउनुभयो । अहिलेको अवस्थामा जसरी अस्पतालको टिमले काम गरिरहेको छ त्यसको प्रशंसा गर्दै प्रमुखजिल्ला अधिकारी सारुले अस्पतालमा आउने सेवाग्राहीलाई औषधीले मात्र नभई आफ्नो व्यवहारले पनी सन्चो बनाएर पठाउन उहाको सुझाव छ ।

**ढकारी गाउँपालिका उपाध्यक्ष नेत्रकला देवी शाहीः** ढकारी गाउँपालिका उपाध्यक्ष नेत्रकला देवी शाहीले पालिका संग पनी सिमित स्रोत साधन हुने र बजेट सबै ठाउँमा विनियोजन गर्न नसकेको भन्दै आगामी दिनमा जिल्ला अस्पतालको विकासका लागि आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउनु भएको छ । आफ्नो पालिका बाट अहिले पनि सबै भन्दा बढी सेवाग्राही जिल्ला अस्पताल अछाममा आउने भएकाले बजेट जिल्ला अस्पताललाई नभई आफ्नै नागरिकको लागि विनियोजन गरिने भएकाले अस्पतालको व्यवस्थापनका लागि बजेट विनियोजनका लागि कन्जुसाई नगर्ने प्रतिबद्धता दोहोऱ्याउनु भएको थियो ।

**तुर्माखाद गाउँपालिका उपाध्यक्ष वीमला कुमारी शाही :** सामाजिक परिक्षण कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै तुर्माखाद गाउँपालिका उपाध्यक्ष वीमला कुमारी शाहीले जिल्ला अस्पताल अछामले पछिल्लो समयमा फट्को मारेकोमा खुसी व्यक्तगर्नुभयो । आफु विगतमा सेवा लिन आउदा विभिन्न किसीमका समस्याहरु झेल्नु परेको तितो अनुभव सुनाउदै उपाध्यक्ष शाहीले अहिले सेवा विस्तार संगै गुणस्तरिय सेवा दिएको देख्दा गर्वले छाती फुल्ने गरेको बताउनुभयो । अछाम जिल्ला जस्तो विकट क्षेत्रमा पनी नागरिकलाई गुणस्तरिय सेवा दिएकोमा धन्यवाद दिदै आफ्नो पालिका बाट कती सहयोग गर्न सकिन्छ त्यसका लागि कार्य पालिकाको बैठकमा छलफलको विषय बनाउने बताउनुभयो ।

**रामारोशन गाउँपालिका उपाध्यक्ष सृजना बुढा :** अछामको रामारोशन गाउँपालिका उपाध्यक्ष सृजना बुढाले जब सम्म स्वास्थ्य क्षेत्र बलियो हुदैन तब सम्म नागरिक पनि बलियो नहुने भएकाले जिल्ला अस्पताल अछामलाई हरेक क्षेत्र बाट सहयोग हुन जरुरी रहेको बताउनुभयो । आज अस्पताल स्रोत साधनको अभावले समस्यामा रहेकाले यसलाई समाधान गर्न जिल्लाका १० वटै पालिकाले सहयोग गर्नु अहिलेको आवश्यक्ता रहेको बताउनुभयो ।

**राजनितिक दलहरु :**जिल्ला अस्पताल अछामको परिसरमा भएको सामाजिक परिक्षण कार्यक्रममा नेपाली काग्रेस अछामका उप सभापति नयाँराम बजगाई, नेकपा एमाले अछामका सचिव हिरण्ड प्रसाद भट्राई, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सदस्य दिपक साउद, नेकपा एकिकृत समाजवादीका जिल्ला कमीटी

सचिवालय सदस्य ईन्द्र बहादुर जैगडी लगायते मन्तव्य राख्दै जिल्ला अस्पताल अछामको थप विकासका लागि राजनितिक तह बाट गर्नुपर्ने सहयोग तथा पहलमा कुनैपनी कुराको कमी हुन नदिने प्रतिबद्धता जनाउनु भएको थियो । अहिले भौतिक संरचनाको अभावले अस्पतालमा कार्यरत स्वाथ्यकर्मीले गतिलो सेवा दिन नसकेको र नागरिकहरुले पनि दुख्ख पाईरहेकाले यस तर्फ आफुहरुको गम्भिर ध्यानकर्षण भएको दलका नेताहरुको भनाई थियो । स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रको विकासका लागि यो या त्यो ढंगबाट राजनितिक रंग दिन नहुने उनीहरुको भनाई छ । मुख्य तया नेपाली काग्रेसका उपसभापति नयाँराम बजगाई र नेकपा एमाले अछामका सचिव हिरण्ड प्रसाद भट्राईले दुई ठुला दलहरु अहिले सरकारमा रहेकाले जिल्ला अस्पताललाई आवश्यक स्रोत उपलब्ध गराउनका लागि पार्टीको तर्फबाट भूमिका खेल्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्यक्रममा अछामका प्रहरी प्रमुख ईश्वरी प्रसाद भण्डारी, मंगलसेन नगरपालिका वडा न ३ का अध्यक्ष तथा पुर्व अस्पताल विकास समितिका अध्यक्ष बृख बहादुर बोगटी, वडा न ४ का अध्यक्ष नाम सिंह धामी, वडा न ६ का अध्यक्ष देवेन्द्र प्रसाद भण्डारी, वडा न ८ का अध्यक्ष ज्ञानेन्द्र बहादुर बोहरा, वडा न ९ का अध्यक्ष पदम बहादुर बोहरा, रेडक्रसका जिल्ला सदस्य धन कुमार केसी, पत्रकार मेनुका ढुंगाना, महिला समाजसेवी, बुद्धीजिबि, महिला स्वास्थ्य स्वयमसेवीका लगायत सेवाग्राही तथा सरोकारवाला गरि करिब २ सय जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागि सेवाग्राही तथा सरोकारवालाले सोध्नु भएको प्रश्नको जवाफ जिल्ला अस्पताल अछामका प्रमुख डाक्टर कमलेश प्रसाद यावदले दिनुभएको थियो जवाफ दिदै कार्यालय प्रमुख यादवले आएको सुझावलाई आगामी दिनमा प्रभावकारी ढंगले कार्यन्वयन गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनु भएको छ । कार्यक्रमको सुरुमा अस्पतालको हालको अवस्था, चुनौती, अस्पताल बाट प्रदान गरिने सेवाको बारेमा समेत कार्यालय प्रमुख यादवले गराउनुभएको थियो । सहभागिले दिएको सुझाव आफुहरुलाई पृष्ठपोषण हुने भन्दै उहाले तत्काल सुधार गर्नुपर्ने कुराहरु तत्काल सुधार गर्ने सोही अवसरमा जानकारी गराउनुभएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय अछामका कार्यालय प्रमुख झपट राज ढुंगानाले जिल्लाको समग्र स्वास्थ्य अवस्थाको बारेमा जानकारी गराउदै जिल्ला अस्पताल अछाम बाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन सरोकारवालाले खेल्नुपर्ने भूमिका सहितको कार्य योजना निर्माण गरि प्रस्तुत गर्नुभएको थियो । उक्त कार्य योजना कार्यन्वयन गर्न हामी सबै प्रतिबद्ध छौ भन्दै सरोकारवालाले हस्ताक्षर समेत गरेका छन । कार्यक्रममा स्वागत मन्तव्य अस्पतालका सुचना अधिकारी गंगा बुढामगरले राख्नुभएको थियो भने कार्यक्रमको संचालन जिल्ला अस्पताल अछामका सहायक प्रशासकीय अधिकृत झपट बहादुर थापाले गर्नुभएको थियो ।

**सहभागि सेवाग्राहीको सुझाव ।**

सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि सेवाग्राही हरुले जिल्ला अस्पताल अछामले पछिल्लो समयमा राम्रो सेवा दिन थालेको खुसी व्यक्त गर्दै यसको भौतिक संरचना राम्रो बनाउनुपर्नेमा जोड दिएका थिए । अस्पताल बाट प्रदान गरिने सेवाहरुलाई थप गुणस्तर बनाउनका लागि सरोकारवालाले पहल गर्नुपर्ने माग गरेका छन । पछिल्लो समयमा अस्पतालले यो क्षेत्रका नागरिकको ठुलो रकम जोगाएको भन्दै यो सेवालाई थप प्रभावकारी बनाउनको लागि जिल्ला बाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि, राजनितिक दल तथा अन्य सरोकारवालाले सामुहिक रुपमा आवाज उठाउनुपर्नेमा माग गरेका छन भने अस्पतालमा आउने सेवाग्राहीलाई सबै किसीमका सेवाहरु निशुल्क हुनुपर्नेमा जोड दिएका छन ।

कार्यक्रमका फोटाहरु :

जिल्ला अस्पताल अछामको फोटो ।




सामाजिक परिक्षण कार्यको तयारी स्वरुप गोरखबक्स गणका कर्मचारीहरु टेन्ट व्यवस्थापन गर्दै ।



सामाजिक परिक्षण कार्यक्रमको तयारी स्वरुप अस्पताल कर्मचारीको बैठक



ल्याव सेवा विस्तार भएपछी उक्त सेवाको बारेमा जानकारी जानकारी गराउदै कार्यालय प्रमुख डा.यादव



औषधी भण्डार शाखामा व्यवस्थापन गरेर राखेको औषधी



जिल्ला अस्पतालमा आएको औषधीको अभिलेख राख्दै अस्पतालका कर्मचारीहरु



जिल्ला अस्पताल अछाममा भर्ना भएका विरामीहरुको प्रतिकृया लिने क्रममा कैद गरिएको **तस्बिर**



अस्पतालको प्रशासनिक अवस्थाको बारेमा जानकारी गराउदै सहायक प्रशासकीय अधिकृत झपट बहादुर थापा



सामाजिक परिक्षण कार्यक्रममा सहभागि अतिथि हरुलाई स्वागत गर्दै अस्पतालका नर्सिङ कर्मचारीहरु




सामाजिक परिक्षण कार्यक्रममा सहभागि स्थानीय सरोकारवालाहरु



जिल्ला अस्पताल अछामको अवस्थाका बारेमा जानकारी गराउदै कार्यालय प्रमुख डा. कमलेश प्रसाद यादव



सामाजिक परिक्षण कार्यक्रममा सहभागि स्थानीय सरोकारवालाको अगाडी बाट कैद गरिएको तस्बिर



**अन्त्यमा** :अछामको सदरमुकाम मंगलसेनमा रहेको अस्पतालकोबार्षिक सामाजिक परिक्षणको जिम्मेवारी दिनुभएकोमा जिल्ला अस्पताल अछाम परिवारलाई हृदय देखी नै धन्यवाद दिन चाहान्छु आगामी दिनमा पनि जिल्ला अस्पताल अछाम गुणस्तरिय स्वास्थ्य सेवा दिन थप कृयाशिल हुने अपेक्षा छ । जिल्ला अस्पताल अछामले संचालन गरेका हरेक सकारात्मक कार्यमा हाम्रो तर्फबाट सधै साथ र सहयोग रहने प्रतिबद्धता जनाउदछौ । यो अवसरका लागि जिल्ला अस्पताल अछाम परिवारलाई हृदय देखी नै धन्यवाद दिन चाहान्छु धन्यवाद ।

टेक बहादुर थापार चन्द्र बहादुर .थापा

रेडियो गाउँघर अछाम